# कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताको हितमा लागू गरेको सामाजिक सुरक्षा कार्यक्रमका सम्बन्धमा
# जरुरी सूचना

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताको हितमा लागू गरेको सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समसामयिक पुनरावलोकन गरी देहायको नयाँ कार्यक्रम लागू गर्नुका साथै साविकका कार्यक्रममा देहाय बमोजिम वृद्धि गरिएको व्यहोरा कोषका सम्पूर्ण सञ्चयकर्ताहरूको जानकारीको लागि सूचित गरिन्छ :

**(क) नयाँ लागू गरिएको कार्यक्रमः**

- **सुत्केरी स्याहार तथा शिशु हेरचाह कार्यक्रम :** मिति २०७२ आश्विन १ गते देखि लागू हुने गरी कोषमा नियमित रुपमा सञ्चय कोषकट्टी गरिरहेका महिला सञ्चयकर्ता आफै वा सञ्चयकर्ताको पत्नी सुत्केरी भएमा (पती/पत्नी दुवै सञ्चयकर्ता भएमा दोहोरो नपर्ने गरी) तमाम नोकरी अवधिमा दुई पटकसम्म प्रति प्रसुति रू. ७,५००/- का दरले सुत्केरी तथा शिशु हेरचाह खर्च प्रदान गर्ने व्यवस्था गरिएको ।

**(ख) साविकका कार्यक्रममा गरिएको वृद्धिः**

- **काजक्रिया अनुदान योजनाः** कोषमा नियमित रुपमा सञ्चय कोषकट्टी गरिरहेका सञ्चयकर्ताको सेवा अवधिभित्र नै मृत्यु भएमा काजक्रिया अनुदानको रुपमा निजका हकवालालाई प्रदान हुदै आएको रकम रु.२५ हजारमा वृद्धि गरी मिति २०७२ आश्विन १ गते देखि लागू हुने गरी रु. ३० हजार कायम गरिएको ।

- **दुर्घटना क्षतिपूर्ति योजनाः** कोषमा नियमित रुपमा सञ्चय कोषकट्टी गरिरहेका सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु वा शत प्रतिशत अङ्गभङ्ग भएमा दुर्घटना क्षतिपूर्तिको रुपमा निज वा निजका हकवालालाई प्रदान हुदै आएको रकम रु. १ लाखमा वृद्धि गरी मिति २०७२ आश्विन १ गते देखि लागू हुने गरी रु. १ लाख २५ हजार कायम गरिएको ।

- **सञ्चयकर्ता औषधोपचार सहयोग योजना :** कोषमा नियमित रुपमा सञ्चय कोषकट्टी गरिरहेका तथा दुई वर्ष सेवा अवधि पूरा गरेका सञ्चयकर्ता बिरामी भई कोषले तोकेको अस्पतालमा भर्ना भई उपचार गराएमा औषधोपचार सहयोगको रुपमा प्रदान हुदै आएको वास्तविक खर्चको ५० प्रतिशतमा नबढ्ने गरी साधारण रोगका लागि अधिकतम रू. १५ हजार र कडा रोगका लागि अधिकतम रू. ३५ हजारमा वृद्धि गरी मिति २०७२ आश्विन १ गते देखि लागू हुने गरी क्रमशः रु. २५ हजार र रु. ५० हजार कायम गरिएको ।

उल्लिखित सामाजिक सुरक्षा सुविधाहरू कोषको ठमेलस्थित कार्यालय लगायत धनकुटा, विराटनगर, हेटौडा, पोखरा, बुटवल, सुर्खेत, कोहलपुर र धनगढी स्थीत शाखा कार्यालयहरु एवम् सिंहदरबार र पुल्चोक स्थीत सेवा केन्द्रहरूबाट समेत भुक्तानी गर्ने व्यवस्था गरिएको व्यहोरा समेत जानकारी गराईन्छ ।

विस्तृत जानकारीका लागि कोषको website : www.epfnepal.com.np मा हेर्नुहुन समेत अनुरोध छ ।

**कर्मचारी सञ्चय कोष**
सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग
त्रि-देबि मार्ग, ठमेल ।
फोन नं. : ०१-४२२३३२०